आ.व. ०७७।०७८

बैठकः- नगर कार्यपालिका बैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

बैठक नं. २३।०७७।०७८

मितिः-२०७८।०३।०९ गते

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | [signature] |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | [signature] |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | [signature] |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | [signature] |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | [signature] |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | [signature] |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | [signature] |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | [signature] |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | [signature] |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | [signature] |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | [signature] |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | [signature] |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | [signature] |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | [signature] |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | [signature] |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | [signature] |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | [signature] |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | [signature] |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | [signature] |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

**आमन्त्रित**

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको आ.व. ०७८/०७९ को लागि पेश भएको **वार्षिक नीति तथा कार्यक्रम** सुझाव सहित गरिमामय **नवौं नगरसभामा** पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको आ.व. ०७८/०७९ को लागि पेश भएको प्रस्तावित **वार्षिक वजेट तथा कार्यक्रमका लागि रु.१,२८,७०,२३,९७४। को विनियोजन विधेयक** सुझाव सहित गरिमामय **नवौं नगरसभामा** पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आ.व. ०७८/०७९ को लागि पेश भएको **आर्थिक विधेयक** सुझाव सहित गरिमामय **नवौं नगरसभामा** पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकामा कार्यरत अन्य सेवा (साविक स्थानीय निकाय)का कर्मचारीहरुको वृत्ति विकास हुने हेतुले तयार भई विधायन समितिवाट छलफल तथा सिफारिस भई आएको तानसेन नगरपालिकाको कर्मचारी सेवा विधेयक, २०७८ सुझाव सहित गरिमामय **नवौं नगरसभामा** पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका न्यायिक समितिवाट निरुपण भई पेश भएको प्रतिवेदन उपर छलफल भएकोमा उक्त प्रतिवेदन गरिमामय **नवौं नगरसभामा** पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ बमोजिम बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको लागि आगामी आ.व.२०७८/०७९ मा समितिबाट तयार गरिएको प्रस्तावित कार्यक्रमको लागि आवस्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. ३/४ स्थित गौरी शंकर होटल साईडवाट होलाङ्गदी जाने सडकमा ह्युमपाईप राखी ढल व्यवस्थापन गरे वापत २०७५ सालमा निर्माण भएकोमा सो को विविध कारणले भुत्तानी दिन वाकी रहेकोमा नगरपालिका स्तरीय निर्णयवाट श्री कल्पना कार्कीलाई भुक्तानी गएको रु.६४,३१६। अनुमोदन गर्ने निर्णय गरयो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाले वडा नं. १ स्थित तानसेन स्कूल अफ हेल्थ साईन्सको भवनमा तानसेन नगरपालिका, वगनासकाली गाउपालिका, माथागढी गाउपालिका र तिनाउ गाउपालिकासंगको साझेदारीमा तानसेन स्कूल अफ हेल्थ साईन्ससंगको व्यवस्थापनमा गतवर्ष आईसोलेशन कक्ष संचालन गरिएकोमा उक्त संचालन गर्दाको भुत्तानी दिनुपर्ने वाँकी रु.२,९८,४८०। नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत कोभिड-१९ विशेष कार्यक्रमवाट भुत्तानी गएकोमा अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकामा कार्यरत करारसेवाका कर्मचारीहरुको म्याद यहि मिति २०७८ साल आषाढ मशान्तमा सकिने भएकोले पून २०७८ पौष मशान्तसम्म ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ को दफा २६ बमोजिम बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न तानसेन नगर कार्यपालिकाको कार्यालयका वरिष्ठ अधिकृत श्री दुर्गा बहादुर थापालाई निरीक्षण अधिकृत तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउनको लागि तानसेन नगरपालिकाको लागि लैंगिक उत्तरदायी बजेट निर्देशिका, २०७८ र तानसेन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७७ र दरवन्दी तेरिज २०७८ शम्सोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको मिति २०७८।१।१२ गते वसेको कार्यपालिका वैठकको निर्णय नं. १२ मा वडा नं. ८ स्थित तिनकुने वस्तीमा पैरो नियन्त्रण गर्न ता.न.पा.को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत भु उपयोग एवं वन तथा भु संरक्षण कार्यक्रम शिर्षकवाट भुक्तानी हुने गरी रु. १ लाख दिने निर्णय भएकोमा शिर्षक फरक पर्न गएकोले उक्त रकम रु. १ लाख नदी, जलाधार, ताल, कुण्ड, सीमसार क्षेत्र संरक्षण कार्यक्रम शिर्षकवाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १३**

मुख्य मन्त्री ग्रामिण विकास तथा स्वरोजगार कार्यक्रम अन्तर्गत वाखा वितरणका लागि वाखा खरिद गर्न उपलब्ध सहकारीहरुवाट व्यवस्थापन गरिएकोले वाखा खरिद गर्दा भएको खर्च रु. १५ लाख सम्वन्धीत कृषकहरुलाई वितरण भएकोले उक्त रकम सम्वद्ध सहकारीहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाभित्र संचालित केही विद्यालयहरुले शैक्षिक सत्र २०७८ देखि कक्षा तथा विषय थप गर्न अनुमति माग गरेको सन्दर्भमा वर्तमान अवस्थामा विद्यालयको माग अनुसार कक्षा तथा विषय थप गर्न औचित्यपूर्ण रहे नरहेको तथा अनुमति/कक्षा थप माग गर्ने विद्यालयहरुले शिक्षा नियमावलीको नियम ४ सँग सम्वन्धित अनुसूचि-३ बमोजीमको पूर्वाधारहरु पूरा गरे नगरेको एकीन गरी एक हप्ताभित्र रायसहितको प्रतिवेदन पेश गर्न गठित अनुगमन समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो तपसीलमा उल्लेखित विद्यालयहरुलाई शै.स.२०७८ देखि निम्नानुसारको कक्षा थप गर्न अनुमति दिने निर्णय गरियो ।

तपसील :

| क.सं. | विद्यालयको नाम | थप गर्न अनुमति दिइएको कक्षा |
|---|---|---|
| १ | मिलेनियम सेकेण्डरी स्कूल ता.न.पा.- ४ | कक्षा ६ |
| २ | लुम्बिनी मा.वि. ता.न.पा.- १२ | कक्षा ११ (व्यवस्थापन र शिक्षा समूहका विषयहरु) |

क) तानसेन नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाको आ.व.२०७७।७८ को स्वीकृत सशर्ततर्फको कार्यकममा निम्न कियाकलाप तथा कार्यकमको वजेटमा निम्नानुसारको रकम अपुग भएकोले अपुग हुने सो रकम सशर्ततर्फ कै कार्यकम तथा कियाकलापमा वचत हुने रकमवाट रकमान्तर गरी खर्च गर्ने ।

शिवलाल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

| क.स | क्रियाकलाप नं. | कार्यक्रम विवरण | स्वीकृत वजेट | खर्च रकम | अपुग हुने रकम |
|---|---|---|---|---|---|
| १. | २.७.१३.३ | प्रतिविद्यार्थी लागत तथा कक्षा८को परीक्षा व्यवस्थापन | ६५,५९,०००।- | ८०,५३,०५०।- | १४,९४,०५०।- |
| २. | २.७.११.१ | वालविकासदेखि कक्षा ५सम्मको दिवा खाजा | ४९,८१,०००।- | ५०,९९,४६०।- | १,१८,४६०।- |
| ३. | २.४.६.१ | निशुल्क पाठ्यपुस्तक | ४,४०,५००।- | ४,५०,७८०।- | ३,४५,७८०।- |
| जम्मा अपुग रकम | | | | | १९,५८,२९०।- |

ख) खर्च कम भै वचत हुने निम्न क्रियाकलाप तथा कार्यक्रमवाट उल्लेखित ३ कार्यक्रमका लागि अपूग हुने रकम रु. १९,५८,२९०।- रकमान्तर गरी खर्च गर्ने :

| क.स | क्रियाकलाप नं. | कार्यक्रम विवरण | स्वीकृत वजेट | खर्च रकम | वचत हुने रकम | रकमान्तर गर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्रालाई सेनीटरी प्याड | २४,१०,०००।- | १२,१७,२६७।- | ११,९२,७३३।- | १०,००,०००।- |
| २. | ७.२.१.१ | आवासीय /गैर आवासीय छात्रवृत्ती | ५८,६०,०००।- | ४८,५९,०००।- | १०,०१,०००।- | ९,५८,२९०।- |

**निर्णय नं. १५**

तानसेन नगरपालिकाको समपुरक वजेट मार्फत गैरागाउ धुवघाट मोटरवाटो चौडा गर्ने र नाली निर्माण गरी कालो पत्रे गर्ने योजना अनुसार निर्माण गरिएको वाटोमा गुणस्तर मापदण्ड अनुसार नभई लापरर्वाही भएको भनि परेको निवेदनमा उक्त योजनाको स्थलगत रुपमा अध्ययन गरी यथार्थ प्रतिवेदन पेश गर्नका लागि पूर्वाधार विकास समितिका संयोजक श्री शशी श्रेष्ठको संयोकत्वमा निम्नानुसारको सदस्य रहने जाँचवुझ समिति गठन गर्ने र गठित समितिको प्रतिवेदनका आधारमा आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| | |
|---|---|
| श्री शशी श्रेष्ठ का.पा. सदस्य | संयोजक |
| श्री दामोदर प्रसाद घिमिरे प्रवक्ता | सदस्य |
| श्री वरुण प्रसाद रेग्मी वडा अध्यक्ष | सदस्य |
| श्री राम प्रसाद वस्याल वडा अध्यक्ष | सदस्य |
| श्री मुकुन्द अधिकारी डि.ई सडक कार्यालय वा प्रतिनिधी | सदस्य |
| श्री विष्णु कार्की वडा सदस्य | सदस्य |
| श्री शिव थापा वडा सदस्य | सदस्य |
| श्री दुर्गा नेपाली वडा सदस्य | सदस्य |

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको आर्थिक सहयोगमा तानसेनको पर्यटन प्रवर्द्धन गर्नका लागि पोखरामा स्थापना भएको डिस्प्ले वोर्ड नियमित रुपमा संचालन गर्न पाल्पाली समाज पोखरालाई अनुदान स्वरुप रु. १ लाख तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको कला संस्कृति तथा सम्पदा संरक्षण शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner